# विशेष साधारण सभाको निर्णय (माईन्यूट)

साधारण सभा मिति : २०८३ जेठ ०१ गते शुक्रबार,
स्थान : पञ्चकन्या बैक्वेंट, पुलबजार, बनेपा ।


स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.

केन्द्रीय कार्यालय : बनेपा-०५, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६१०६०/६६५३४८
इमेल: info@slbbl.com.np
वेबसाइट: www.slbbl.com.np

## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा भएका काम कारबाहीका विवरण तथा निर्णयहरु

### १. वैधानिक सभा :

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३ बैशाख १४ गते सोमवारका दिन बसेको संचालक समितिको ३०६औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम वित्तीय संस्थाको **विशेष साधारण सभा** संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २०८३/०२/०१ गते (तदनुसार १५ मई, २०२६)

**समय** :- विहान ११:३० बजे

**स्थान** :- पञ्चकन्या बैक्वेंट, पुलबजार, बनेपा ।

### २. उपस्थिति

**क) संचालक समितिका पदाधिकारीको उपस्थिति :**

| क्र. सं. | संचालकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समूह |
| २ | श्री त्रि विक्रम पाण्डे | सदस्य | संस्थापक समूह |
| ३ | श्री उदय राज खतिवडा | सदस्य | संस्थापक समूह |
| ४ | श्री समर ढकाल | सदस्य | सर्वसाधारण समूह |
| ५ | श्री सम्पन्न पाण्डे | सदस्य | सर्वसाधारण समूह |
| ६ | श्री सुबोध कुमार लुइटेल | सदस्य | सर्वसाधारण समूह |
| ७ | श्रीमती हिरा देबी विष्ट | सदस्य | स्वतन्त्र |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र. सं. | पदाधिकारी/पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री सागर राज जोशी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री प्रकाश पन्त | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री राम बाबु सिलवाल | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री भुपति राज पाण्डे | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री कृष्ण प्रसाद अधिकारी | संचालक | हिमालयन लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री निमेश मान कायस्थ | प्रतिनिधी | एन.एम.बि क्यापिटल लि. |

**ग) व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थिति :**

| क्र.सं. | नाम | जिम्मेवारी | पद |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | संयोजक | प्रमुख कार्यकारी अधिकृत/ कम्पनी सचिव |
| २ | श्री राजेन्द्र प्रसाद न्यौपाने | सदस्य | सहायक महाप्रबन्धक |
| ३ | श्री मधु सुदन अधिकारी | सदस्य | सहायक प्रबन्धक |
| ४ | श्री मधु सुदन पन्त | सदस्य | वरिष्ठ अधिकृत |
| ५ | श्री सरोज पौडेल | सदस्य | वरिष्ठ अधिकृत |
| ६ | श्री निरोज प्रसाद पौडेल | सदस्य | अधिकृत |
| ७ | श्री गोपाल राज विष्ट | सदस्य सचिव | प्रबन्धक |

३. सभाको वैधानिकता :

क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०८३/०१/१५ र २०८३/०१/१६ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा क्रमश: प्रथम पटक र दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०८३/०१/२१ गते सम्म शेयर खरिद गरि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई सभाको सूचना तथा प्रोक्सी फारमहरु यस वित्तीय संस्थाले सार्वजनिक गरी सकिएको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराउनु भयो ।

(ख) गणपुरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०८३ बैशाख २१ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम शेयरधनीहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र. सं. | शेयरधनी समूह | शेयरधनी संख्या | शेयर कित्ता |
|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | १८३ | ४,७२१,९६०.२८०४ |
| २ | सर्वसाधारण शेयरधनीहरु | २८,१११ | ४,२३४,३७६.०२३९ |
| | जम्मा | २८,२९४ | ८,९५६,३३६.३०४३ |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिवले सभामा अवगत गराउनु भयो । उपस्थित शेयरधनीहरुलाई उपरोक्त व्यहोरा जानकारी दिदै सभा कानून बमोजिम बोलाईएको हुँदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न अनुरोध गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | उपस्थित जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ८,९५६,३३६.३०४३ | ४,७२१,९६०.२८०४ | ४,२३४,३७६.०२३९ | १३२ | १५० | ४६,०९,७४० | ५१.४७ |

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचनामा उल्लेख गरिए बमोजिम यस विशेष साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

छलफलको लागि प्रस्तावित विषयहरु :

(क) विशेष प्रस्तावहरु:

१) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गर्ने संम्बन्धमा भएको DDA मुल्यांकनकर्ताको नियुक्ती, निजको पारिश्रमिक तथा प्राप्ति कार्यमा भएको अन्य खर्चहरुको अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारीत, प्रारम्भिक समझदारी पत्र, अन्तिम सम्झौता पत्र सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन लगायत प्राप्ति सम्बन्धि अन्य आवश्यक कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति कार्य पश्चात बन्ने वित्तीय संस्थाको संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन तथा प्राप्ति पश्चात वित्तीय संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरण सम्बन्धि प्रस्ताव लगायत प्राप्ति (एक्विजिशन) संग सम्बन्धित आवश्यक अन्य सम्पुर्ण निर्णयहरु पारीत गर्ने ।

२. वित्तीय संस्थाको जारी तथा चुँक्ता पूंजी वृद्धी हुने हुँदा सो बमोजिम हुने गरी प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन गर्ने र सो सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन वा थपघट गर्न आवश्यक देखी निर्देशन प्राप्त भएमा सो सम्बन्धी कार्य गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ख) विविध ।**

**५. सभाको वैधानिकता, अध्यक्षता, स्वागत मन्तब्य तथा उद्घाटन**

**५.१) सभाको वैधानिकता :**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ अनुसार विशेष साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम यस लघुवित्त वित्तीय संस्थाको विशेष साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व ५१.४७ प्रतिशत भई विशेष साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानून अनुसार तथा वित्तीय संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक विशेष साधारण सभाको काम कारवाही अगाडि वढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

**५.२) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको व्यहोरा कम्पनी सचिवले जानकारी गराए पछि बिहान ११:३० बजे संचालक समितिका अध्यक्ष **श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यू**को अध्यक्षता तथा अन्य संचालकज्यूहरुको उपस्थितिमा विशेष साधारण सभा शुरु भयो ।

**५.३) स्वागत मन्तब्य :**

सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण सम्पन्न भए पश्चात संचालक **श्री उदय राज खतिवडाज्यू**ले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत मन्तव्य राख्नु भयो ।

**५.४) सभाको उद्घाटन :**

सभामा संचालक **श्री उदय राज खतिवडाज्यू**ले स्वागत मन्तव्य राख्नु भए पश्चात सभाका अध्यक्ष तथा यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष **श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यू**ले पानसमा दीप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

**६. विशेष साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :**

विशेष साधारण सभामा अध्यक्षज्यूले संचालक समितिको तर्फबाट उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै विशेष साधारण सभामा पेश गरिने विशेष प्रस्तावहरुसँग सम्बन्धित प्रतिवेदन पेश गर्नुभयो । यस क्रममा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ती गर्ने सम्बन्धमा सोको पृष्ठभूमि, प्रक्रिया, हाल सम्म भए/गरेका कार्य तथा उपलब्धी, नियामकिय आवश्यकता, प्राप्ति पश्चातका अपेक्षित उपलब्धिहरु, प्राप्ती कार्य सम्पन्न गर्न

आगामी दिनमा गर्नुपर्ने कार्यहरु, आ.व. २०८२/०८३ को चैत्र मसान्त सम्मको वित्तीय संस्थाको अपरिष्कृत वित्तीय विवरण तथा आ.व. २०८२/०८३ को भावी योजना, संस्थाले गरि रहेको प्रगति तथा अन्य कार्यक्रमहरुका बारेमा समेत संक्षेपमा प्रकाश पार्नुभयो ।

यस वित्तीय संस्थाको मिति २०८२ बैशाख २९ गते सम्पन्न भएको सोन्हौ वार्षिक साधारण सभाको विशेष प्रस्ताव मार्फत यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त संस्था बिच गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यको लागि संचालक समितिलाई अख्तियारी प्रदान गरिएकोमा उक्त अख्तियारीको अधिनमा रही बनेपा-१३, काभ्रेपलाञ्चोकमा केन्द्रीय कार्यालय रही नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त बाग्मती प्रदेशस्तरको कार्यक्षेत्र रहेको विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने उद्धेश्यले मिति २०८२ पुष ९ गते प्रारम्भिक समझदारी पत्र (MOU) मा हस्ताक्षर सम्पन्न भएको सभामा जानकारी गराउनु भयो । तत्पश्चात मिति २०८२ माघ ०३ गते सोमबार सम्पन्न भएको सत्रौ वार्षिक साधारण सभाले मर्जर तथा प्राप्ति सम्बन्धमा प्रत्यायोजन गरेको अख्तियारीको अधिनमा रहि अन्य आवश्यक प्रक्रिया अघि बढाईएको व्यहोरा सभामा जानकारी गराउनु भयो । नेपाल राष्ट्र बैंकबाट मिति २०८२ फाल्गुण ८ गते सैद्धान्तिक सहमति ( LOI) प्राप्त भएको साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०८३ बैशाख ९ गते पूर्व स्वीकृति प्राप्त भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने ( मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौ संशोधन २०७९ सहित), धितोपत्र दर्ता गराएका संगठित संस्था सम्बन्धी प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित ऐन कानून बमोजिम दुई वित्तीय संस्था विच भएको प्रारम्भिक सम्झौता पत्रमा उल्लेखित सहमति बमोजिम गठित संयुक्त प्राप्ति समितिले तोकिएको कार्ययोजना अनुरुप प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यान्वयन प्रक्रिया नियमसंगत ढंगबाट बढाई संयुक्त प्राप्ति समितिको मिति २०८३/०१/१० गतेको तेस्रो बैठकको सिफारिस अनुसार मिति २०८३/०१/११ गते बसेको संचालक समितिको ३०५औं बैठकले संयुक्त प्राप्ति समितिको सिफारिस अनुमोदन गरि मिति २०८३/०१/१४ गते अन्तिम सम्झौता पत्रमा हस्ताक्षर कार्य सम्पन्न भएको र यस सभाले उक्त अन्तिम सम्झौता पारित गरे पश्चात अन्तिम स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित अन्य नियामक निकायहरु समक्ष पेश गर्ने व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।

**७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र छलफलमा सहभागि शेयरधनी महानुभावहरुले राख्नु भएको मन्तव्य**

७.१ शेयरधनी **श्री जगन्नाथ आचार्यज्यू**ले यस वित्तीय संस्थाको लाभांशको इतिहास राम्रो रहेकोले लाभांश नघट्ने गरि लाभांश नीति बनाउन अनुरोध गर्नु भयो । वित्तीय संस्थालाई प्राप्ति गरे पछि कर्मचारीहरुको मनोबल बढ्ने गरि तालीम तथा सुविधा उपलब्ध गराई उच्च मनोबल सहित कर्मचारीलाई फिल्डमा खटाउनु होला । यो संस्थामा सु-शासन राम्रो छ । आगामी बर्ष लाभांश नघट्ने गरि कार्य गरिदनुहुन साथै वार्षिक साधारण सभा समयावधि भित्रै गर्न अनुरोध गर्दै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.२ शेयरधनी **श्री भेष राज भण्डारीज्यूले** मन्तव्य राख्दै अहिलेको विशेष साधारण सभा विशेष नै छ । मर्जर पछि पनि यस अघिको प्रगतिलाई निरन्तरता दिनु होला । पहिलाको जसरि यो मर्जर नटुटोस र मर्जर सफल रहोस् । केन्द्रीय कार्यालय राख्न प्रस्ताव गरिएको नागार्जुन-४ कुन स्थानमा पर्छ बताई दिनु भए राम्रो हुन्थ्यो । संस्थाले नियामकिय प्रावधान पुरा गरेर अघि बढोस भनि सुझाव दिदै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.३ शेयरधनी **श्री चन्द्र नारायण श्रेष्ठज्यू**ले मन्तव्य राख्दै आगामी वर्ष यस वित्तीय संस्थाले कस्तो लाभांश दिन सक्छ स्पष्ट पारि दिनु भए राम्रो हुन्थ्यो । अहिले हाम्रो देशमा बैंकिंग वातावरण राम्रो नरहेको र अहिलेको मर्जर सफल होस भनि शुभकामना व्यक्त गर्नु भयो ।

७.४ शेयरधनी **श्री सुदिप श्रेष्ठज्यूले** आफ्नो मन्तव्य राख्दै यो संस्था सानोबाट शुरु गरेर ठुलो बनाउनु भएको मिहेनत गरेर हो । मर्जर पछि कर्मचारी मिलाएर लानु पर्ने भएकोले विचार पुऱ्याउनु होला । नेपाल राष्ट्र बैंकले वित्तीय अनुशासन कमजोर देखेर मर्जरको कार्यलाई अघि बढाउन प्रेरित गरि रहेको बताउदै आगामी दिनमा पनि राम्रो लाभांश दिन सकोस भनि आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.५ शेयरधनी **श्री शत्रुधन श्रेष्ठज्यूले** मन्तव्य राख्दै प्रत्येक वर्ष निरन्तर लभांश दिन सक्नु भएकोमा धन्यवाद दिनु भयो । मर्जर हुन लागेको विन नेपाल लघुवित्त वित्तीय संस्था लि.ले ५ बर्ष देखि लाभांश दिन नसकेको वताउँदै यो संस्था जनकपुर लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गरे पछि पनि पछाडी नफर्केको धारणा राख्नु भयो । यो संस्था ठूलो बन्दै जानेछ, प्रतिफल राम्रो दिँदै जानेछ र संधै अघि बढिरहनेछ भन्ने विश्वास व्यक्त गर्दै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.६ शेयरधनी **श्री बैजुनाथ रौनियारज्यूले** यो विशेष साधारण सभा भएकोले यस सभामा मर्जरको मात्र विषयसूची रहेको र सो विषयमा अध्यक्षज्यूले ग्लोबल आईएमई बैंकको उदाहरण दिँदै सबै कुरा प्रष्ट राख्नु भएकाले धन्यवाद दिनु भयो । २०८२ चैत्र मसान्तमा खराब कर्जा दुबै संस्थाको घटेकोले सो राम्रो रहेको बताउँदै संस्थाको आगामी दिनमा अझै राम्रो हुदै जान सकोस भन्ने शुभकामना दिदैं आफ्नो भनाई समापन गर्नु भयो ।

७.७ शेयरधनी **श्री इन्द्र प्रसाद लामिछानेज्यूले** आफ्नो धारणा राख्दै मर्जर पछि धैरै संस्था राम्रो नदेखिएकोले यस तर्फ सचेत रहन सुझाव दिनु भयो । कर्मचारीगत समस्या देखिन सक्ने भएकोले राम्रो संग काम गर्न सुझाव दिनु भयो । यहाँहरुको काम अहिले सम्म बुद्धिमत्तापूर्वक भएको पाएका छौं । मर्जर भए पछि पनि संस्था कमजोर नहोस भन्ने शुभकामना दिदैं आफ्नो भनाई समापन गर्नु भयो ।

७.८ शेयरधनी **श्री निरुपमा गुप्ताज्यूले** मर्जर पछि वित्तीय संस्थाको नाम स्वरोजगार रहने हुँदा खुशि लाग्यो । विन नेपाल लघुवित्त वित्तीय संस्था लि.को प्रति शेयर मुल्य रु. १,४००/- र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.को प्रति शेयर मुल्य रु. ८००/- हुँदा कसरी १:१ शेयर आदान प्रदान दर कायम हुन गयो प्रष्ट पारिदिन अनुरोध गर्नु भयो । वित्तीय संस्थाको एकिकृत कारोबार पछि पूँजी बढ्ने हुँदा जिम्मेवारी पनि बढ्छ । यो संस्था राम्रो हुन्छ भन्ने विश्वास छ । मर्जर पछि धैरै ठाउँमा गाह्रो भएको छ यस्तो नहोस र वित्तीय अनुशासन कायम रहोस भन्दै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.९ शेयरधनी **श्री उद्धव प्रसाद घिमिरेज्यूले** यस वित्तीय संस्थाले गर्न लागेको मर्जरको लागि स्वागतम् स्वागतम् स्वागतम् भन्नु भयो । Swap Ratio १:१ दिएकोमा धन्यवाद दिनु भयो । आगामी वार्षिक साधारण सभामा राम्रो लाभांश दिन सफल हुनु होला । वित्तीय संस्थाले Corporate Office आफ्नै भवनमा बनाउनु पर्छ । एकिकृत कारोबारको समयमा बोलाउनु भए सहभागी हुन्थ्यौं भन्दै आफ्नो भनाई समापन गर्नु भयो ।

७.१० शेयरधनी **श्री कृष्ण प्रसाद अधिकारीज्यूले** शुरुवातमा स्वस्ती वाचन गर्दै बिना शर्त गाभ्नु भएकोमा धैरै खुशि लागेको बताउनु भयो । यँहाहरुको संचालक समिति राम्रो छ । हिजोको दिनमा प्रमुख कार्यकारीको रुपमा चलाउनु भएको व्यक्ति नै अहिले संचालक हुनुहुन्छ । यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय राख्न प्रस्ताव गरिएको नागार्जुन नगरपालिका-४ कुन स्थानमा पर्छ स्पष्ट पारिदिनु भए राम्रो हुने थियो भनि आफ्नो मन्तव्य समापन गर्नु भयो ।

७.११ शेयरधनी **प्रा.डा. श्री रामजी प्रसाद पण्डितज्यूले** लिखित मन्तव्य राख्दै विन नेपाल लघुवित्त वित्तीय संस्थाको खराब कर्जा धैरै रहेकोले आगामी दिनमा लाभांशमा असर पर्न सक्ने धारणा राख्नु भयो । मर्जर पछि नजिकमा रहेका शाखाहरुलाई गाभ्ने र शाखालाई व्यवस्थित तरिकाले स्थानान्तरण गर्न सुझाव दिनु भयो । संचालक समिति, व्यवस्थापन समिति तथा कर्मचारीहरुले गरेको मिहेनत र सो को परिणाम स्वरुप देखिएको वितरण योग्य मुनाफाको लागि धन्यवाद दिनु भयो । स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सन्दर्भमा पारीत गर्न प्रस्ताव गरिएको प्रस्तावहरुमाथि पुर्ण सहमति जनाउँदै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

**८. सभामा शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी ११ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा सहभागी हुनु भई आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । छलफलमा सहभागी शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा उपर यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष **श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले** यस वित्तीय संस्थाले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने क्रममा र प्राप्ति पछि आउन सक्ने समस्याको बारेमा दिनु भएका सल्लाह



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

सुझावहरुलाई उच्च महत्वका साथ लिने र वित्तीय संस्थालाई अगाडि बढाउने बताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासाहरु उपर जवाफ दिनुभयो ।

९. सभाका निर्णयहरु :

क) **विशेष प्रस्तावहरु**

**निर्णय नं. १)**

श्री नेपाल राष्ट्र बैंकद्वारा लघुवित्त संस्थाहरु विच एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) लाई विशेष प्राथमिकतामा राख्दै आईरहेको साथै हालको विद्यमान परिस्थितिमा उपयुक्त लघुवित्त संस्थाहरु एकआपसमा गाभिई वा प्राप्ति गरि पूँजीगत एवं कार्यक्रमगत दृष्टिकोणले दरिलो एवं उत्कृष्ट हुनु आफैमा सकारात्मक पक्ष भएको धारणा सभामा उपस्थित शेयरधनीहरुले प्रस्तुत गर्नु हुँदै यस वित्तीय संस्थाले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा देहायको प्रस्तावहरुमा आवश्यक छलफल गरी देहाय बमोजिमको निर्णयहरु समेत सर्वसहमतिले सभाद्वारा पारीत गरियो ।

**१.१) वित्तीय व्यवसायिक योजना तथा प्रक्षेपण एवम् चल अचल सम्पत्ति र दायित्व मुल्यांकन** (Due Deligence Audit-DDA) **को लागि गरिएको मुल्याकंनकर्ताको नियुक्ति, निजको पारिश्रमिक तथा अन्य प्राप्ति सम्बन्धी खर्चहरुलाई अनुमोदन गर्ने ।**

यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने उद्धेश्यले सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन (Due Deligence Audit-DDA) को कार्य सम्पन्न गर्ने गरि नियमानुसार संयुक्त प्राप्ति समितिद्धारा नियुक्ति गरिएको मुल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants ललितपुरद्धारा प्रचलित ऐन कानुन एव्म दुई वित्तीय संस्था बिच भएको सहमतिको अधिनमा रही नियमानुसार सम्पत्ति र दायित्व मुल्यांकन (Due Deligence Audit-DDA) कार्य सम्पन्न गर्दा तोकिएको शुल्क सहित तपशिल बमोजिमको खर्चहरु भएको, उक्त खर्चहरु आवश्यकता एवम् औचित्यताको आधारमा नै भएको र दुवै वित्तीय संस्था विच भएको प्रारम्भिक समझदारी पत्रमा प्राप्तिसंग सम्बन्धित खर्च दुबै संस्थाले बराबर अर्थात ५०/५० प्रतिशत वहन गर्ने सहमति भएको भन्ने राय सहितको प्रस्ताव एवम् हाल सम्म प्राप्ति कार्यमा लागेको कुल खर्च रु. ३,६३,१३२/- (अक्षरमा, तिन लाख त्रिसट्ठी हजार एक सय बत्तिस रुपैया मात्र) को ५० प्रतिशत रु. १,८१,५६६/- (अक्षरमा, एक लाख एकासी हजार पाँच सय छयसठ्ठी रुपैया मात्र) खर्च अनुमोदनको लागि सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाद्धारा सर्वसहमतिले अनुमोदन गरियो । साथै यस पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी थप प्रकृया अघि बढाउने सन्दर्भमा नियमानुसार संचालन हुने संयुक्त प्राप्ति समितिको बैठक तथा सो बैठकमा हुने वास्तविक खर्चहरु एवं समझदारी पत्रको बुंदा नं. ४ मा उल्लेखित प्राप्ति सम्बन्धी अन्य आवश्यक खर्चहरु गर्ने गरि प्रकृया अघि बढाउनको लागि गरिएको प्रस्ताव समेत सभाद्धारा सर्वसहमतिमा पारीत गरियो ।

**तपशिल,**

| क्र.सं. | खर्चको शिर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | Due Diligence Audit (DDA) मुल्यांकनकर्ता शुल्क | रु. २,५०,०००/- | भ्याट सहित |
| २. | संयुक्त प्राप्ति समितिको बैठक भत्ता खर्च (३ पटक) | रु. ९१,५००/- | |
| ३. | संयुक्त प्राप्ति समितिको बैंठक संचालन खर्च (३ पटक) | रु. १६,५३२/- | |
| ४. | इन्धन खर्च | रु. ५,१००/- | |
| | कुल खर्च | रु. ३,६३,१३२/- | |
| अक्षरमा : तिन लाख त्रिसट्ठी हजार एक सय बत्तिस रुपैया मात्र | | | |

**१.२) प्राप्ति (एक्विजिशन) सम्बन्धमा सम्पन्न प्रारंभिक समझदारी पत्र** (MOU)**, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन, संयुक्त प्राप्ति समिति तथा संचालक समितिद्धारा भए गरेका निर्णयहरुको अनुमोदन गर्ने ।**

यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने उद्धेश्यले सम्पन्न प्रारम्भिक समझदारी पत्र (MOU) र उक्त समझदारीपत्रमा उल्लेखित बुँदाहरु,

मुल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति, दायित्व तथा कारोबार मुल्यांकन प्रतिवेदन (DDA Report) मा उल्लेखित विषयवस्तुहरु साथै प्राप्ति (एक्विजिशन) सम्बन्धमा संयुक्त प्राप्ति समिति तथा संचालक समितिद्वारा हालसम्म भए गरेका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव सभाद्वारा पारीत गरियो ।

**१.३) मुल्यांकनकर्ताबाट प्राप्त चल अचल सम्पत्ति र दायित्व मुल्यांकन** (Due Deligence Audit- DDA) **प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान दर** (Share Swap Ratio) **पारीत गरि प्राप्ति ( एक्विजिशन) सम्बन्धी आवश्यक प्रकृया अघिं बढाउने ।**

यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गर्ने पयोजनको लागि गठित संचालक स्तरिय संयुक्त प्राप्ति समितिलाई नियमानुसार प्रत्यायोजन गरिएको अख्तियारको अधिनमा रहि नियुक्ति गरिएको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन (Due Deligence Audit-DDA) को मुल्यांकनकर्ता श्री S.B.K.C. and Associates, Chartered Accountants ललितपुरद्वारा उपलब्ध गराईएको प्रतिवेदन बमोजिम प्रति शेयर आधार नेटवर्थ (Base Net worth Per Share) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको रु २१०/- र विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. २१०/- कायम भई शेयर स्वाप अनुपात १००:१०० (स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड : विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड) हुने देखिएकोले शेयर स्वाप अनुपात एक बराबर एकको अनुपात (1:1) अर्थात स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर कायम गर्ने निर्णय गरियो । साथै उक्त शेयर आदान प्रदान दरमा प्राप्ति (एक्विजिशन) सम्बन्धी थप प्रकृया अघि बढाउन उपयुक्त देखिएको राय सहित संचालक समितिद्वारा पेश गरिएको प्रस्तावलाई सभाद्वारा सर्वसहमतिले पारीत गरियो ।

१.४) **प्राप्ति (एंक्विजिशन) कार्यको लागि अन्तिम सम्झौतापत्र** (Final Scheme of Arrangement) **को अनुमोदन गर्ने प्रस्ताव गरिएको ।**

यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गर्ने सम्बन्धमा नियमानुसार मिति २०८३ वैशाख १४ गते गरिएको अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत प्राप्ति (एक्विजिशन) संग सम्बन्धित सम्झौताको अनुमोदन गर्ने प्रस्ताव सभाद्वारा पारीत गरियो ।

साथै, प्राप्ति सम्बन्धि अन्य आवश्यक कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभाद्वारा पारीत गरियो ।

**सम्झौतापत्रमा उल्लेखित मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :**

- स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति ( एक्विजिशन) गरे पछि वित्तीय संस्थाको नाम **"स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड"** कायम रहने साथै **"घ"** वर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्ने ।
- प्राप्ति पश्चात वित्तीय संस्थाको केन्द्रीय कार्यालय नागार्जुन नगरपालिका वडा नं.४, काठमाडौंमा प्रस्ताव गरिएको छ ।
- प्राप्ति (एक्विजिशन) पश्चात लघुवित्त वित्तीय संस्थाको दर्ता नम्बर, दर्ता मिति, नेपाल राष्ट्र बैंकको ईजाजतपत्र नम्बर र ईजाजत मिति, वित्तीय संस्थाको लोगो र स्लोगन स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको रहनेछ । साथै स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको कम्पनी दर्ता नं. ११५७/०६६/६७, दर्ता मिति २०६६/०४/०८, ने.रा. बैंकबाट प्राप्त ईजाजतपत्र नं ने.रा.बैंक/ई.प्रा/घ/ १६/०६६/६७ र मिति २०६६/०८/२३ गते कायम रहने सहमति गरिएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात कायम हुने वित्तीय संस्थाको स्थायी लेखा नं. (पान) हाल सञ्चालनमा रहेको स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा, काभ्रेपलाञ्चोकको स्थायी लेखा नं. ३०३८६३२८९ कायम रहनेछ । हाल सञ्चालनमा रहेको विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको कम्पनी दर्ता नं.

११७४४६/०७०/७१, दर्ता मिति २०७०/०८/१६, ने.रा. बैंकबाट प्राप्त ईजाजतपत्र नं ने.रा.बैंक/ई.प्रा/घ/०३८/०७१/०७२ र दर्ता मिति २०७१/०८/०२ लगायत स्थायी लेखा नं.(पान) ६०१६२१९८९ लाई नियमानुसार खारेज गर्ने सहमति भएको ।

- प्राप्ति कार्य सम्पन्न भई संयुक्त कारोबार शुरु भए पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल कायम रहेको संचालक समिति नै बाँकी कार्यकाल सम्म कायम रहने सहमति गरिएको ।
- विन नेपाल लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्राप्ति पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्थामा विन नेपाल लघुवित्त वित्तीय संस्थामा कार्यरत रहदा कायम तलब तथा भत्ता नघट्ने गरि सहायक महाप्रबन्धक पदमा स्थायी नियुक्ति दिईने र अन्य कर्मचारीहरुलाई कायम तलब, भत्ता नघट्ने गरि सोही पदमा आवश्यक दरवन्दी श्रृजना गरी स्थायी कर्मचारीलाई स्थायी र करार कर्मचारीलाई करारमा नियुक्ति दिईने सहमति गरिएको । साथै, विन नेपाल लघुवित्त वित्तीय संस्थाबाट भुक्तानी प्राप्त गर्नुपर्ने सम्पूर्ण रकमहरु एकिकृत कारोबार अगावै भुक्तानी लिनुपर्ने सहमति गरिएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात प्राप्त गर्ने संस्था (एक्वायरर) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कार्यान्वयनमा रहेको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली लगायत अन्य सम्पूर्ण आन्तरिक कार्यविधि निर्देशिका आदिलाई नै लागू गरिने गरि सहमति भएको ।
- अन्य सहमतिका बुँदाहरु अन्तिम सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुने गरि सहमति भएको ।

**१.५) प्राप्ति कार्य पश्चात बन्ने वित्तीय संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरण तथा संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धि प्रस्ताव गरिएको ।**

यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको अन्तिम सम्झौता पत्रको बुदा नं. (क) मा भएको सहमति बमोजिम प्राप्ति (एक्विजिशन) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम "स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड" र ठेगाना "बनेपा-५, काभ्रेपलाञ्चोक" बाट स्थानान्तरण गरि "नागार्जुन-०४, काठमाडौं" कायम हुने प्रस्ताव सभाद्धारा पारीत गरियो । सो बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २(१) को संशोधन र २(२) थप तथा नियमावलीको नियम २(१) को संशोधन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो । साथै यस सम्बन्धी विस्तृत तिन महले विवरण **अनुसुची १** मा संलग्न गरिएको छ ।

**<u>प्रवन्धपत्रको दफा २ मा संशोधन :</u>**

**दफा २ : लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**

१) यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ०४ मा रहनेछ ।

२) यस लघुवित्त वित्तीय संस्थाको कार्यक्षेत्र नेपाल भर हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ ।

**<u>नियमावलीको नियम २ मा संशोधन :</u>**

**नियम २ : लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**

(१) यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ०४ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

प्राप्ति कार्य पश्चात बन्ने वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी देहाय बमोजीम रहने भएकाले संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन हुने हुँदा वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ को खण्ड "घ" र "ङ" मा संशोधन गर्ने सम्बन्धि प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो । साथै यस सम्बन्धी विस्तृत तिन महले विवरण **अनुसुची १** मा संलग्न गरिएको छ ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

यसका अतिरिक्त, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रस्ताव गरेको साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड तर्फका संस्थापक शेयरधनीहरुको नाममा कायम रहेको संस्थापक शेयरको १० प्रतिशत संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्न नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति प्राप्त भईसकेकाले एकिकृत कारोबार अघि सो परिर्वतन कार्य सम्पन्न भई नियामक निकायबाट निर्देशन प्राप्त भएमा सोही बमोजीम प्राप्ति पछि बन्ने संस्थाको संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन गर्न संचालक समितिलाई अख्तियारि प्रदान गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

| | स्वरोजगार लघुवित्त | | विन नेपाल लघुवित्त | | प्राप्ति पश्चात | |
|---|---|---|---|---|---|---|
| | रकम रु. | स्वामित्व | रकम रु. | स्वामित्व | रकम रु. | स्वामित्व |
| जारी पूँजी | ८९५,६३३,६३०.४३ | | ८४,३४०,५५०.०० | | ९७९,९७४,१८०.४३ | |
| चुक्ता पूँजी | ८९५,६३३,६३०.४३ | १००.००% | ८४,३४०,५५०.०० | १००.००% | ९७९,९७४,१८०.४३ | १००.००% |
| संस्थापक | ४७२,१९६,०२८.०४ | ५२.७२% | ५९,०३८,४००.०० | ७०.००% | ५३१,२३४,४२८.०४ | ५४.२१% |
| सर्वसाधारण | ४२३,४३७,६०२.३९ | ४७.२८% | २५,३०२,१५०.०० | ३०.००% | ४४८,७३९,७५२.३९ | ४५.७९% |

**प्रवन्धपत्रको दफा ६ मा संशोधन :**

**दफा ६ : लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :**

घ) सर्वसाधारण सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ४५.७९ प्रतिशत हुनेछ ।

ङ) संस्थापक सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ५४.२१ प्रतिशत हुनेछ ।

**निर्णय नं. २)** यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) प्रश्चात् वित्तीय संस्थाको जारी पुँजी, चुक्ता पुँजी परिवर्तन हुने हुँदा वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ को खण्ड "ख" र "ग" मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो । साथै यस सम्बन्धी विस्तृत तिन महले विवरण **अनुसुची १** मा संलग्न गरिएको छ । प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन सम्बन्धमा नियामक निकायवाट कुनै संशोधन वा थपघट गर्न आवश्यक देखी निर्देशन प्राप्त भएमा सो सम्बन्धी कार्य गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसहमतिले पारित गरियो ।

**प्रवन्धपत्रको दफा ६ मा संशोधन :**

**दफा ६: लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :**

ख) लघुवित्त वित्तीय संस्थाको जारी पुँजी रु. ९७,९९,७४,१८०.४३ (अक्षरेपी, सन्तान्नब्बे करोड उनान्सय लाख चौहत्तर हजार एक सय असि दशमलव चार तिन मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ९७,९९,७४१.८०४३ (अक्षरमा, सन्तान्नब्बे लाख उनान्सय हजार सात सय एकचालिस दशमलव आठ शून्य चार तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ९७,९९,७४,१८०.४३ (अक्षरेपी, सन्तान्नब्बे करोड उनान्सय लाख चौहत्तर हजार एक सय असि दशमलव चार तिन मात्र) हुनेछ ।

**निर्णय नं. ३)** वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसहमतिले पारीत गरियो ।

**ख.** **विविध**

यस प्रस्ताव अन्तर्गत अन्य विषयसूचीहरु नरहेको व्यहोरा सभा संचालकले सभामा जानकारी गराउनु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, एनएमबी क्यापिटल लिमिटेड, सहयोगी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु, आमन्त्रित अतिथिज्यूहरु, सम्पूर्ण कर्मचारी वर्ग साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभालाई सफल बनाउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिँदै यस वित्तीय संस्थामा आवद्ध रहनु भएका सम्पूर्ण सदस्यहरुको साथ सहयोगको लागि समेत धन्यवाद दिनु हुँदै आजको विशेष साधारण सभा सम्पन्न भएको जानकारी गराउनु भयो ।

(.................................)
**मनोज कृष्ण उप्रेती**
**कम्पनी सचिव**

(.................................)
**ज्ञानेन्द्र प्रसाद पाण्डे**
**अध्यक्ष**

अनुसुची-१

**स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड,बनेपा -५, काभ्रेपलाञ्चोक ।**

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली २०६६ मा आवश्यक संशोधनको लागि

मिति २०८३ जेठ ०१ गतेको विशेष साधारण सभामा प्रस्तुत प्रस्तावित संशोधनहरु सम्बन्धी **तिन महले विवरण**

**प्रबन्धपत्र तर्फको संशोधन,**

<table>
<tr><th>दफा</th><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित संशोधन</th><th>कारण</th></tr>
<tr><td>२</td><td>(१)यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. ०५ मा रहने छ र नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिने छ ।</td><td>१) यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ०४ मा रहनेछ ।<br>(२) यस लघुवित्त वित्तीय संस्थाको कार्यक्षेत्र नेपाल भर हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ ।</td><td>वित्तीय संस्थाको अधिकांश प्रसाशकिय कार्य काठमाडौंमा हुने हुँदा कार्य संचालन खर्च न्यूनिकरणका लागि प्रस्ताव गरिएको ।</td></tr>
<tr><td>६<br>(ख)</td><td>लघुवित्त वित्तीय संस्थाको जारी पुँजी रु. ८९,५६,३३,६३०.४३ (अक्षरेपी, उनान्नब्बे करोड छपन्न लाख तेत्तीस हजार छ सय तिस दशमलब चार तिन मात्र ) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ८९,५६,३३६.३० (अक्षरेपी, उनान्नब्बे लाख छपन्न हजार तिन सय छत्तिस दशमलब तिन शून्य ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।</td><td>लघुवित्त वित्तीय संस्थाको जारी पुँजी रु. ९७,९९,७४,१८०.४३ ( अक्षरेपी, सन्तान्नब्बे करोड उनान्सय लाख चौहत्तर हजार एक सय असि दशमलब चार तिन मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ९७,९९,७४१.८०४३ (अक्षरमा, सन्तान्नब्बे लाख उनान्सय हजार सात सय एकचालिस दशमलब आठ शून्य चार तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।</td><td rowspan="4"><u>प्राप्ती पश्चात बन्ने स्वरोजगार लघवित्त वित्तीय संस्था लि.को चुक्ता तथा जारी पूँजी  देहाय अनुसार परिर्वतन हुने भएकाले ।</u><br><table><tr><th></th><th>स्वरोजगार</th><th>विन नेपाल</th><th>प्राप्ती पश्चात</th></tr><tr><td>सर्वसाधारण</td><td>४२,३४,३७,६०२.३९</td><td>२,५३,०२,१५०</td><td>४४,८७,३९,७५२.३९</td></tr><tr><td>संस्थापक</td><td>४७,२१,९६,०२८.०४</td><td>५,९०,३८,४००</td><td>५३,१२,३४,४२८.०४</td></tr><tr><td>जम्मा</td><td>८९,५६,३३,६३०.४३</td><td>८,४३,४०,५५०</td><td>९७९,९,७४,१८०.४३</td></tr></table><br><u>प्राप्ती पश्चात वित्तीय संस्थाको कुल चुक्ता पूँजी ९७,९९,७४,२३०.४३ कायम भई शेयर संरचना ५४.२१ : ४५.७९ (संस्थापक : सर्वसाधारण) हुने भएकाले</u> ।<br>कुल चुक्ता पूँजी मध्ये :<br>१. संस्थापक : स्वरोजगार लघुवित्त : रु. ४७,२१,९६,०२८.०४<br>विन नेपाल लघुवित्त : रुं ५,९०,३८,४००.००<br>कुल संस्थापक सेयर : रु. ५३,१२,३४,४२८.०४<br>२. सर्वसाधारण : स्वरोजगार लघुवित्त : रु. ४२,३४,३७,६०२.३९<br>विन नेपाल लघुवित्त : रुं २,५३,०२,५५०.००<br>कुल सर्वसाधारण सेयर : रु. ४४,८७,३९,७५२.३९</td></tr>
<tr><td>६<br>(ग)</td><td>वित्तीय संस्थाको चुक्ता पुँजी रु. ८९,५६,३३,६३०.४३ ( अक्षरेपी, उनान्नब्बे करोड छपन्न लाख तेत्तीस हजार छ सय तिस दशमलब चार तिन मात्र) हुनेछ ।</td><td>वित्तीय संस्थाको चुक्ता पुँजी रु. ९७,९९,७४,१८०.४३ (अक्षरेपी, सन्तान्नब्बे करोड उनान्सय लाख चौहत्तर हजार एक सय असि दशमलब चार तिन मात्र ) हुनेछ ।</td></tr>
<tr><td>६<br>(घ)</td><td>सर्वसाधारण सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ४७.२८ प्रतिशत हुनेछ ।</td><td>सर्वसाधारण सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ४५.७९ प्रतिशत हुनेछ ।</td></tr>
<tr><td>६<br>(ङ)</td><td>संस्थापक सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ५२.७२ प्रतिशत हुनेछ ।</td><td>संस्थापक सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ५४.२१ प्रतिशत हुनेछ ।</td></tr>
</table>

**नियमावली तर्फको संशोधन,**

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| २ (१) | यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. ०५ मा रहने छ र नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिने छ । | यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय **काठमाडौं** जिल्ला **नागार्जुन** न.पा. वडा नं. **०४** मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | वित्तीय संस्थाको अधिकांश प्रशासकिय कार्य काठमाडौंमा हुने हुँदा कार्य संचालन खर्च न्यूनिकरणका लागि प्रस्ताव गरिएको । |